# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bhratpur, Chitwan, Nepal

प.सं.
च.नं. ६२८७

मिति : २०७४/०९/२०

श्री वडा कार्यालयहरु सवै,

भरतपुर महानगरपालिका ।

विषय : निर्णयको प्रतिलिपि पठाईएको ।

प्रस्तुत विषयमा यस भरतपुर महानगरपालिका नगरकार्यपालिकाको मिति २०७४/०९/१८ गते वसेको वैठकको निर्णय प्रतिलिपि पाना २ (दुई) यसै पत्रसाथ संलग्न राखी पठाईएको छ ।

वोधार्थ :

श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका । जानकारीको लागी ।

श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका । जानकारीको लागी ।

श्री सूचना शाखा,

भरतपुर महानगरपालिका । (उक्त निर्णय महानगरपालिकाको Website मा राख्नु हुन)

श्री ..........................शाखा,

भरतपुर महानगरपालिका । (आवश्यक कार्यार्थ)

..............................

(रोम बहादुर महत)

शाखा अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

निर्णय नं. १

भरतपुर महानगरपालिकाको नगरसभाको कार्य सञ्चालन गर्न, वैठकको सुव्यवस्था कायम राख्न र अन्य काम कार्यवाही नियमित एवं प्रभावकारी बनाउनको लागि नगरसभा सञ्चालन गर्दा मर्यादित र छिटो निर्णयमा पुग्न सहयोग पुग्ने देखिएकोले भरतपुर महानगरपालिका नगरसभा सञ्चालन कार्यविधि, २०७४ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २

भरतपुर महानगरपालिका भित्र रहेका सहकारीहरुलाई सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरुप स्थानीय स्तरमा छरिएर रहेको पूंजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्वन र पारस्परिकताका आधारमा एकिकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नती गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रुपमा सहकारी संस्थाहरुको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, बस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीब्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको दर्ता, सञ्चालन एवम् नियमन गर्नको लागि भरतपुर महानगरपालिका सहकारी विधेयक, २०७४ नगरसभामा प्रस्तुत गर्ने गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

नेपालको संविधान एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहमा शिक्षा सम्वन्धि अधिकार कार्यान्वयन गर्न र भरतपुर महानगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरुको व्यवस्थापन सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न भरतपुर महानगरपालिका शिक्षा विधेयक, २०७४ नगरसभामा प्रस्तुत गर्ने गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

भरतपुर महानगरपालिकाको आ.व. ०७४/७५ को नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

नेपालको संविधान एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहमा स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलन प्रशासनिक व्यवस्था गर्न, पारदर्शी तथा सवै करदातालाई करको दायरा भित्र ल्याई कानून बमोजिम कर संकलन गरी आर्थिक शुशासन कायम गर्न भरतपुर महानगरपालिका अर्थ विधेयक, २०७४ नगरसभामा प्रस्तुत गर्ने गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

भरतपुर महानगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न भरतपुर महानगरपालिका विनियोजन विधेयक, २०७४ नगरसभामा प्रस्तुत गर्ने गरी पारित गर्ने निर्णय गरियो ।

विविध : निर्णय नं. १

भरतपुर महानगरपालिकामा विगत देखि काम काज गर्दै आएका सामाजिक परिचालकहरुको सेवा करार अवधि मिति २०७४/०९/१६ गते बाट समाप्त भएको सन्दर्भमा भरतपुर महानगरपालिकाको वडा कार्यालयहरुमा तत्काल कार्य सञ्चालनमा कठिनाई परि जनशक्ति आवश्यक पर्ने भएकोले अर्को व्यवस्था नभए सम्मका लागि हाललाई वडा अध्यक्षहरुले हरेक वडामा कम्प्युटरमा दक्ष भएका र न्यूनतम योग्यता पुगेका १ (एक) जनालाई कम्प्यूटर अपरेटरमा १ (एक) महिनाको लागि दैनिक ज्यालादारीमा काममा लगाउने निर्णय गरियो ।

विविध : निर्णय नं. २

महानगरपालिकामा मिति २०७४/०६/०८ गतेको कार्यपालिकाको वैठकबाट गठन भएको कार्यदलले प्रस्तुत गरेको ग्रामिण क्षेत्र तोक्ने सम्बन्धि प्रतिवेदन देहाय बमोजिम पारित गर्ने निर्णय गरियो ।

तपसिल :

१) वडा नं. १ ठिमुरा

२) भरतपुर-माडी ठोरी मुल सडकको दायाँ वायाँ २०० मि. र वडा नं. १४ को शिवागर बजार क्षेत्रको २०० मि. दायाँवायाँ क्षेत्र वाहेक वडा नं. ६, १४, २२ र २३

३) धारे चोकबाट तिनतले चोक हुदै दक्षिण ज्योती युवा क्लवबाट पश्चिम मख्खन चोक-दक्षिण वास्तोला घोलबाट पश्चिम हेल्थ पोष्ट सिमाना वाहेक वडा नं. ८ को क्षेत्र

४) वडा नं. ९ को कोकाकोला फ्याक्ट्रिको दक्षिण ८ नं. बडाको सिमानाको केरुङ्गा घोलको पुर्व क्षेत्र

५) वडा नं. ११ को केरुङ्गा घोल पुर्व क्षेत्र

६) वडा नं. १२ को हाम्रो चोक देखि सहयोगी टोल पुर्व क्षेत्र

७) भरतपुर, रामपुर, मेघौली, जितपुर मुल सडकको दायाँ वायाँ २०० मि. र वडा नं. १९ को शारदानगर टाउन वाहेक वडा नं. १५, १८, १९, २०, २६, २७ र २८ क्षेत्र

८) वडा नं. २१ को पार्वतीपुर बजार र वडा नं. २३ को कृष्णचोक बजार वाहेक वडा नं. २१ र २३ क्षेत्र

९) नारायणगढ मुग्लिनको दायाँवायाँ २०० मि. वाहेक वडा नं. २९ को क्षेत्र

१०) वडा नं. १३, १६, १७, २४ र २५ सम्पूर्ण क्षेत्र

2074/5/18